**धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९**

<u>प्रस्तावना</u>: धितोपत्र दर्ता गराएका संगठित संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी कार्यलाई व्यवस्थित गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम "धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "गाभ्ने/गाभिने" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएका दुई वा दुई भन्दा बढी संगठित संस्थाबीच प्रचलित कानून बमोजिम एक आपसमा भएको सम्झौता बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने वा एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य सम्झनुपर्छ र सो शब्दले धितोपत्र दर्ता गराएका संगठित संस्था र धितोपत्र दर्ता नगराएका संगठित संस्थाबीच एक आपसमा गाभ्ने/गाभिने कार्यलाई समेत जनाउँछ।

(ग) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरिलिन मन्जुर गरेको संगठित संस्था सम्झनु पर्छ।

(घ) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने तथा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व समाप्त हुने संगठित संस्था सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ सम्झनु पर्छ।

(च) "प्राप्ति" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएको एउटा संगठित संस्थाले समान प्रकृतिको अर्को संगठित संस्थाको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाब गरी संगठित संस्थाको कानूनी हैसियत समाप्त हुने गरी प्राप्ति गर्ने कार्य सम्झनु पर्दछ। साथै यस शब्दले बोर्डमा धितोपत्र दर्ता



बोर्ड सचिव

नगराएको संगठित संस्थाले बोर्डमा धितोपत्र दर्ता गराएको समान प्रकृतिको अर्को संगठित संस्थालाई प्राप्ति गर्ने कार्यलाई समेत सम्झनु पर्दछ ।

(छ) "प्राप्ति गर्ने संस्था" भन्नाले एउटा संगठित संस्थाले अर्को लक्षित संस्थाको सम्पूर्ण सम्पत्ति, दायित्व तथा व्यवसाय प्राप्ति गर्ने संगठित संस्थालाई सम्झनु पर्दछ ।

(ज) "बोर्ड" भन्नाले ऐनको दफा ३ को उपदफा (१) बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(झ) "लक्षित संस्था" भन्नाले प्राप्ति गर्ने संस्थामा आफ्नो सम्पूर्ण सम्पत्ति तथा दायित्व सहित समाहित हुने संगठित संस्था सम्झनु पर्दछ ।

(ञ) "शेयर आदान प्रदान अनुपात" भन्नाले गाभ्ने/गाभिने वा लक्षित संस्थाका शेयरधनीहरुले आफ्नो प्रत्येक शेयर बापत गाभिएपछि कायम हुने संस्था वा प्राप्ति गर्ने संस्थामा कायम हुने शेयरको अनुपातलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## आधारभूत शेयरधनीको कारोवार रोक्का तथा पूर्व स्वीकृति सम्बन्धी व्यवस्था

३. **आधारभूत शेयरधनीको कारोवार रोक्का सम्बन्धी व्यवस्था** : (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थाको संचालक समितिले गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी प्रारम्भिक समझदारी गरेको दिन वा सोको भोलीपल्ट कारोवार समय अगाडि गाभ्ने/गाभिने वा लक्षित संगठित संस्थाका आधारभूत शेयरधनीको कारोवार दफा ७ बमोजिमको साधारण सभा सम्पन्न नभएसम्म रोक्का राख्न आधारभूत शेयरधनीको विवरण सहित संगठित संस्थाले धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्था समक्ष निवेदन दिनुपर्नेछ । यसरी प्राप्त निवेदन बमोजिम धितोपत्र बजार तथा केन्द्रिय निक्षेप सेवा प्रदायक संस्थाले सो संस्थाको आधारभूत शेयरधनीको कारोवार तत्काल रोक्का राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था वा सो संस्थाको शेयर रजिष्ट्रारले उपदफा (१) बमोजिमको आधारभूत शेयरधनीको विवरण धितोपत्रको राफसाफ तथा अन्य कुनै कारणले हेरफेर भएमा तत्काल वा भोलिपल्ट कारोवार समय अगावै धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थालाई उपलब्ध गराउनुपर्नेछ । यसरी प्राप्त विवरण बमोजिम धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले कारोवार रोक्का गरिने

बोर्ड सचिव

आधारभूत शेयरधनीको विवरण आफ्नो कारोवार प्रणालीमा अद्यावधिक गरी सोही बमोजिम आधारभूत शेयरधनीको कारोवार रोक्का राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी जानकारी राख्ने संगठित संस्थाका संचालक, कर्मचारी तथा अन्य सम्बन्धित पक्षले प्रारम्भिक समझदारी नभएसम्म गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा कुनै पनि सूचना तथा जानकारी सार्वजनिक गर्न पाइने छैन ।

(४) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थाले प्रारम्भिक समझदारी गरेपछि उक्त संगठित संस्थाको दफा ७ बमोजिमको साधारण सभाबाट गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी प्रस्तावमा निर्णय नभएसम्म गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रिया रद्द गर्न सक्ने छैन ।

४. **पूर्व स्वीकृतिका लागि निवेदन दिनुपर्ने** : (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थाले अर्को संगठित संस्थासँग गाभ्न/गाभिन वा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृतिका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को व्यवस्था बमोजिम अनुसूची–१ मा उल्लेखित ढाँचामा बोर्ड समक्ष संयुक्त रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि निवेदन दिँदा देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछ :-

(क) गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाले गरेको निर्णय,

(ख) संगठित संस्थाहरुले गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा गरेको प्रारम्भिक समझदारी,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(घ) गाभ्ने/गाभिने वा प्राप्ति कार्य सम्पन्न गर्ने समयबद्ध कार्यतालिका,

(ङ) नियमनकारी निकायको पूर्व सहमति वा पूर्व स्वीकृति लिनुपर्ने भएमा त्यस्तो पूर्व सहमति वा पूर्व स्वीकृतिपत्र ।

५. **पूर्व स्वीकृति प्रदान गर्ने** : (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा दफा ४ बमोजिम प्राप्त भएको निवेदन उपर बोर्डले आवश्यक जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझको सिलसिलामा बोर्डले आवश्यकता अनुसार थप कागजात समेत माग गर्न सक्नेछ ।

बोर्ड सचिव

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले संगठित संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन सात कार्य दिनभित्र पूर्व स्वीकृति दिनेछ ।

(३) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्थालाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृति दिँदा बोर्डले आवश्यकता अनुसार शर्तहरु समेत तोक्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित नियमनकारी निकायको पूर्व सहमति वा पूर्व स्वीकृति सहित निवेदन दिएका संगठित संस्थालाई बोर्डले उक्त पूर्व सहमति वा पूर्व स्वीकृतिको आधारमा तीन कार्य दिनभित्र पूर्व स्वीकृति दिनुपर्नेछ ।

## परिच्छेद-३

## डयू डिलिजेन्स अडिट तथा शेयर आदान प्रदान अनुपात सम्बन्धी व्यवस्था

६. **डयू डिलिजेन्स अडिट सम्बन्धी व्यवस्था** : (१) दफा ५ बमोजिम पूर्व स्वीकृति प्राप्त संगठित संस्थाले स्वतन्त्र मूल्याङ्कनकर्ताबाट सम्पत्ति, दायित्व तथा व्यवसायको डयू डिलिजेन्स अडिट गराउनु पर्नेछ ।

(२) स्वतन्त्र मूल्यांकनकर्ताले डयू डिलिजेन्स अडिट गर्दा मूल्याङ्कनको आधार समेत खुलाउनु पर्नेछ ।

(३) संगठित संस्थाले डयू डिलिजेन्स अडिट गरे पछि सो प्रतिवेदन समेतको आधारमा अन्तिम शेयर आदान प्रदान अनुपात निर्धारण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात सम्बन्धित संस्थाको संचालक समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमोदित निर्णय सोही दिन वा सोको भोलीपल्ट कारोवार शुरु हुनु अगाडि धितोपत्र बजारलाई जानकारी गराउनुपर्नेछ ।

७. **गाभ्ने /गाभिने वा प्राप्ति सम्बन्धी प्रस्ताव साधारण सभाबाट पारित गर्नुपर्ने** : गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न संगठित संस्थाले शेयर आदान प्रदान अनुपात सहित गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाबाट निर्णय गराउनुपर्नेछ ।

बोर्ड सचिव

## परिच्छेद-४
## अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

८. **अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था** : (१) दफा ७ बमोजिम शेयर आदान प्रदान अनुपात सहित गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाबाट निर्णय भएको संगठित संस्थाले अन्तिम स्वीकृतिका लागि अनुसूची–२ बमोजिमको ढाँचामा बोर्ड समक्ष संयुक्त रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि निवेदन दिंदा देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछ :-

(क) दफा ७ बमोजि साधारण सभाले गरेको निर्णय,
(ख) सम्पत्ति, दायित्व तथा व्यवसायको मूल्याङ्कन सहितको ड्यू डिलिजेन्स अडिट,
(ग) शेयर आदान प्रदान अनुपात सम्बन्धी विवरण,
(घ) गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा संगठित संस्थाहरु विच भएको सहमतिपत्र ( स्कीम अफ अरेन्जमेन्ट),
(ङ) सम्बन्धित नियमनकारी निकायको अन्तिम सहमति वा अन्तिम स्वीकृतिपत्र लिनुपर्ने भएमा सो अन्तिम सहमति वा अन्तिम स्वीकृतिपत्र ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थासँग थप जानकारी वा कागजात माग गर्न आवश्यक देखेमा बोर्डले थप जानकारी वा कागजात माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले संगठित संस्थालाई एक आपसमा गाभ्न/गाभिन तथा प्राप्ति गर्न सात कार्य दिन भित्र अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित नियमनकारी निकायको अन्तिम सहमति वा अन्तिम स्वीकृतिपत्र संलग्न गरी बोर्ड समक्ष निवेदन दिएको संगठित संस्थाको हकमा एक आपसमा गाभ्न/गाभिन तथा प्राप्ति गर्न तीन कार्य दिन भित्र अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

९. **एकिकृत कारोवार सम्बन्धी व्यवस्था**: (१) दफा ८ बमोजिम गाभ्ने/गाभिने वा प्राप्तिका लागि स्वीकृति प्राप्त गरेका संगठित संस्थाले कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम एकीकृत व्यवसायिक कारोवारको स्वीकृति प्राप्त गरेपश्चात् एकीकृत व्यवसायिक कारोवार गर्ने मिति



बोर्ड सचिव

निर्धारण गरी सोको जानकारी बोर्ड, धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थालाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकीकृत व्यवसायिक कारोवार गरेको मितिबाट गाभ्ने/गाभिने वा प्राप्तिको हकमा लक्षित संस्थाको शेयर मिलान, धितोपत्र पुनः दर्ता, धितोपत्रको अभौतिकिकरण तथा सूचिकरण प्रयोजनको लागि बढीमा १५ कार्य दिनसम्म शेयर कारोवार रोक्का राख्न सम्बन्धित संगठित संस्थाले धितोपत्र बजार समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि धितोपत्र बजारले सम्बन्धित संगठित संस्थाको शेयर कारोवार रोक्का राख्नुपर्नेछ ।

## परिच्छेद-५

## विविध

१०. **गाभ्ने/गाभिने वा प्राप्ति सम्पन्न गर्नुपर्ने समयावधि:** (१) संगठित सस्थाले गाभ्ने/गाभिने वा प्राप्ति कार्य प्रारम्भिक सम्झौता भएको छ महिना भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र गाभ्ने/गाभिने वा प्राप्ति कार्य सम्पन्न नभएमा सम्बन्धित संगठित संस्थाको संचालक समिति जबाफदेही हुनेछ ।

११. **शेयर स्वामित्व संरचना सम्बन्धी व्यवस्था:** (१) बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था र धितोपत्र दर्ता नगराएको संगठित संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्दा त्यस्तो संगठित संस्थाले सम्बन्धित नियमनकारी निकाय वा प्रचलित कानूनले तोकेको शेयर स्वामित्व संरचना कायम हुने गरी मिलाउनु पर्नेछ ।

(२) संगठित संस्थाले उपदफा (१) बमोजिमको शेयर स्वामित्व संरचना कायम गर्ने कार्य एकिकृत व्यवसायिक कारोवार शुरु गरेको एक वर्षभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

१२. **प्रक्रिया अघि बढाउन बाधा नपर्ने:** यो निर्देशिका प्रारम्भ हुनु अघि गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रियामा रहेका संगठित संस्थाको हकमा तत्काल कायम रहेको प्रचलित व्यवस्था बमोजिम गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउन वाधा पर्ने छैन ।



बोर्ड सचिव

१३. **शेयर कारोवार फुकुवा सम्बन्धी विशेष व्यवस्था:** (१) यो निर्देशिका प्रारम्भ हुनु अघि गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा रहेका कारण शेयर कारोवार रोक्का रहेका संगठित संस्थाको आधारभूत शेयरधनी बाहेक अन्य शेयरधनीको शेयर कारोवार फुकुवा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आधारभूत शेयरधनी बाहेकका शेयरधनीको शेयर कारोवार फुकुवा गर्न संगठित संस्थाले आधारभूत शेयरधनीको विवरण सहित धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्था समक्ष निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले संगठित संस्थाको आधारभूत शेयरधनी बाहेकको शेयर कारोवार तत्काल खोल्ने व्यवस्था गर्नुपर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित नियमनकारी निकायले शेयर कारोवार रोक्का राखेको भएमा सम्बन्धित नियमनकारीको सहमतिमा आधारभूत शेयरधनी बाहेकका शेयरधनीको शेयर कारोवार फुकुवा गर्न सकिनेछ।

१४. **बाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा बोर्डले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

बोर्ड सचिव

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृतिका लागि दिने निवेदनको ढाँचा**

मितिः......................

श्री नेपाल धितोपत्र बोर्ड ।

..................................

विषयः पूर्व स्वीकृति सम्बन्धमा ।

महोदय,

....................लि. ले .................................लि. सँग/लाई गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा निर्णय भएकोले पूर्व स्वीकृति पाउनको लागि यो निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

संलग्नः
(१)
(२)
(३)

भवदीय,

| | |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः ............ | पदः ............ |
| संगठित संस्थाको नामः | संगठित संस्थाको नामः |
| छापः | छापः |

बोर्ड सचिव

## अनुसूची-२

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**संगठित संस्था गाभ्न/गाभिन वा प्राप्ति गर्नका लागि अन्तिम स्वीकृतिका लागि दिने निवेदनको ढाँचा**

मिति:.......................

श्री नेपाल धितोपत्र बोर्ड ।

.................................

**विषय: अन्तिम स्वीकृति सम्बन्धमा ।**

महोदय,

...................... लि.ले ................................लि. सँग/लाई गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा तहाँबाट अन्तिम स्वीकृति पाउनको लागि देहाय बमोजिम विवरण संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

**संलग्न:**

१.

२.

३.

भवदीय,

नाम:

दस्तखत:

पद: ............

संगठित संस्थाको नाम:

छाप:

नाम:

दस्तखत:

पद: ............

संगठित संस्थाको नाम:

छाप:

बोर्ड सचिव